परिवर्तनका लागि एक नयाँ आवाज
# टक नेपाल
Talk Nepal National Daily
राष्ट्रिय दैनिक

वर्ष : ४ अंक : २७४ पृष्ठ ४ २०८३ साउन ०८ गते शुक्रबार 24 July, 2026 मूल्य रु. ५/-




हामीलाइ www.talknepaltv.com मा पनि पढ्न सकिन्छ ।

# विपद् तयारीका लागि बर्दिवासका तीन निर्णय

● टक नेपाल



महोत्तरीको बर्दिवास नगरपालिका मनसुनजन्य विपद्को सम्भावित जोखिम न्यूनीकरण तथा पूर्वतयारीमा सक्रिय भएको छ । नगर विपद् व्यवस्थापन समितिको बिहीबार बसेको बैठकले विपद् प्रतिकार्यलाई प्रभावकारी बनाउन तीन महत्त्व पूर्ण निर्णय गरेको हो ।

बैठकले पूर्व-पश्चिम राजमार्गअन्तर्गत पर्ने भप्सी, जंगाहा र बेलगाछी खोलाका पुल नजिक थुप्रिएका नदीजन्य पदार्थ हटाउन जिल्ला विपद् व्यवस्थापन समितिसँग अनुरोध गर्ने निर्णय गरेको छ ।

यस्तै, उद्धार तथा राहत कार्यका लागि आवश्यक स्रोतसाधनको व्यवस्थापन गर्ने र पूर्वतयारीस्वरूप तारजाली, पाइपलगायत आवश्यक सामग्री खरिद गर्ने निर्णय पनि गरिएको छ ।

सुरक्षा निकायसँग आवश्यक समन्वयका लागि नगरस्तरीय विपद् व्यवस्थापन समिति गठन गरी फोकल पर्सन तोक्ने निर्णयसमेत बैठकले गरेको छ ।

गैरसरकारी संस्थाका प्रतिनिधिहरूको सहभागिता रहेको बैठकमा सहभागीहरूले मनसुनजन्य विपद् प्रतिकार्यका लागि आफूहरू पूर्ण तयारी अवस्थामा रहेको प्रतिबद्धता व्यक्त गरेका छन् ।

सामुदायिक विकास तथा पैरवी मञ्च नेपालका अध्यक्ष नागदेव यादवले विपद् व्यवस्थापनका लागि आवश्यक केही सामग्री मौज्दात रहेको र आवश्यकता परे जुनसुकै बेला परिचालन गर्न सकिने जानकारी दिए । उनका अनुसार तत्काल राहतका लागि करिब दुई लाख रुपैयाँबराबरका राहत सामग्री नगरपालिकाको एकद्वार प्रणालीमार्फत वितरण गर्न सकिने व्यवस्था गरिएको छ ।

बैठकमा सहभागीहरूले क्रसर उद्योगहरूले बनाएका खाल्डाखुल्डी तथा अवैधानिक रूपमा नदीजन्य पदार्थ उत्खननका कारण बढ्दो जोखिमप्रति गम्भीर चासो व्यक्त गरेका थिए । यस्ता गतिविधिका कारण विगतमा मानवीय दुर्घटनासमेत भएको उल्लेख गर्दै उनीहरूले नगरप्रमुख प्रह्लादकुमार क्षेत्रीलाई सम्भावित विपद् जोखिम न्यूनीकरणका लागि प्रभावकारी कदम चाल्न आग्रह गरेका छन् ।

# सप्तरीमा ७२ प्रतिशत धान रोपाइँ सम्पन्न



● टक नेपाल

लगातार वर्षा भएपछि सप्तरीका किसानले तीव्र गतिमा धान रोपाइँ गर्न थालेका छन्। साउनको पहिलो सातासम्म जिल्लामा ७२ प्रतिशत खेतमा धान रोपाइँ सम्पन्न भएको छ । अबको दोस्रो सातासम्म खेतीयोग्य सबै जमिनमा रोपाइँ सकिने अनुमान गरिएको छ ।

यसअघि छिटफुट मात्रै वर्षा हुँदा जिल्लामा धान रोपाइँ सुस्त गतिमा भइरहे को थियो । कृषि ज्ञान केन्द्र सप्तरीका अनुसार हालसम्म जिल्लाको करिब ७२ प्रतिशत क्षेत्रफलमा धान रोपाइँ भएको छ ।

जिल्लामा कुल ८१ हजार ६६८ हेक्टर खेतीयोग्य जमिन रहेकामा हरेक वर्ष करिब ६८ हजार हेक्टर क्षेत्रफलमा धान खेती हुँदै आएको कृषि ज्ञान केन्द्र सप्तरी का प्रमुख रोशन मेहताले जानकारी दिनुभयो । रोपाइँ राम्रो भएकाले यस वर्ष धान उत्पादनमा वृद्धि हुने उहाँको अनुमान छ ।

उहाँका अनुसार खेतीयोग्य ६८ हजार हेक्टरमध्ये साउनको पहिलो सातासम्म ४८ हजार ९६० हेक्टर क्षेत्रफलमा धान रोपाइँ सम्पन्न भएको छ ।

"कुल खेतीयोग्य जग्गाको ७२ प्रतिशत क्षेत्रमा धान रोपाइँ सकिएको छ," उहाँले भन्नुभयो, "अबको एक साताभित्र शतप्रतिशत रोपाइँ हुने अपेक्षा गरेका छौं। यसले जिल्लामा धान उत्पादन बढाउन सहयोग पुग्नेछ ।"

लगातार भइरहेको वर्षाले खेत रोप्न सहज भएको रुपनी गाउँपालिका-१ का किसान रामनारायण यादवले बताउनुभयो। उहाँले वर्षाका कारण जिल्लाको उत्तरी भेगमा आकाशे पानीको भरमा खेती गर्दै आएका किसानलाई पनि सहज भएको जानकारी दिनुभयो ।

विष्णुपुर गाउँपालिका-१ का किसान इन्द्रदेव ठाकुरले वर्षापछि खेतमा पर्याप्त पानी जमेकाले रोपाइँ गर्न सजिलो भएको बताउनुभयो ।

त्यस्तै, रुपनी गाउँपालिका-४ का किसान भगवतीप्रसाद साहले जिल्लाको उत्तरी भेगका किसानलाई वर्षाले खेती गर्न निकै सहयोग पुगेको बताउनुभयो। सप्तरीको दक्षिणी भेगमा नहर सिँचाइको सुविधा रहे पनि उत्तरी भेगका किसान अझै आकाशे पानीको भरमा खेती गर्दै आएका छन् ।

# जलेश्वर भन्सारको राजस्व चार वर्षदेखि निरन्तर ओरालो




● टक नेपाल

एक समय लक्ष्यभन्दा १८२ प्रतिशत बढी राजस्व सङ्कलन गरेर चर्चामा आएको जलेश्वर भन्सार कार्यालयको राजस्व असुली पछिल्ला चार आर्थिक वर्षदेखि निरन्तर घट्दै गएको छ। पेट्रोलियम पदार्थको आयात बन्द हुनु, कृषि अग्रिम कर खारेज हुनु तथा आयातको संरचनामा आएको परिवर्तनलाई कार्यालयले यसको प्रमुख कारण मानेको छ ।

गत पाँच आर्थिक वर्षको तथ्याङ्कले लक्ष्य र वास्तविक राजस्व सङ्कलनबीचको अन्तर क्रमशः बढ्दै गएको देखाउँछ । लक्ष्यसमेत घटाइए पनि अपेक्षित राजस्व उठ्न नसक्दा कार्यालयको कार्यसम्पादनमाथि प्रश्न उठ्न थालेको छ ।

आर्थिक वर्ष २०७८/७९ मा अर्थ मन्त्रालयले एक अर्ब ७० करोड रुपैयाँ राजस्व सङ्कलनको लक्ष्य दिएको थियो। त्यस वर्ष कार्यालयले लक्ष्यभन्दा १८२ प्रतिशत बढी अर्थात् तीन अर्ब नौ करोड रुपैयाँ राजस्व सङ्कलन गर्दै उल्लेखनीय सफलता हासिल गरेको थियो ।

त्यसपछि भने राजस्व असुली निरन्तर ओरालो लाग्यो। आर्थिक वर्ष २०७९/८० मा तीन अर्ब ६३ करोड ९१ लाख रुपैयाँ लक्ष्य रहेकामा दुई अर्ब ८१ करोड ७३ लाख रुपैयाँ मात्र सङ्कलन भयो, जुन लक्ष्यभन्दा करिब २२ प्रतिशत कम थियो ।

आर्थिक वर्ष २०८०/८१ मा तीन अर्ब ७६ करोड २३ लाख रुपैयाँ लक्ष्य दिइएकोमा तीन अर्ब २५ करोड ९८ लाख रुपैयाँ राजस्व उठ्यो। त्यस वर्ष भारतीय लोकसभा निर्वाचनका कारण आयात प्रभावित हुँदा असुली घटेको कार्यालयको भनाइ छ ।

आर्थिक वर्ष २०८१/८२ मा चार अर्ब ५३ करोड ६२ लाख रुपैयाँ लक्ष्य रहेकामा दुई अर्ब ६९ करोड ७६ लाख रुपैयाँ अर्थात् ५९.४७ प्रतिशत मात्र राजस्व सङ्कलन भयो ।

राजस्वमा निरन्तर गिरावट आएपछि आर्थिक वर्ष २०८२/८३ का लागि लक्ष्य घटाएर करिब तीन अर्ब २६ करोड रुपैयाँ निर्धारण गरिएको थियो । तर घटाइएको लक्ष्यसमेत पूरा हुन सकेन। भन्सार अधिकृत भरत अधिकारीका अनुसार गत आर्थिक वर्षमा एक अर्ब ६४ करोड ९६ लाख रुपैयाँ मात्र राजस्व सङ्कलन भएको छ, जुन लक्ष्यको ५०.५५ प्रतिशत हो ।

भन्सार प्रमुख राजेन्द्र बस्नेतले राजस्व घट्नुको मुख्य कारण पेट्रोलियम पदार्थको आयात बन्द हुनु रहेको बताउनुभयो। उहाँका अनुसार भारतको बरौनी रिफाइनरीबाट आयात हुने पेट्रोलियम पदार्थले यसअघि कुल राजस्वको ५५ देखि ६० प्रतिशतसम्म योगदान पुऱ्याउने गरेको थियो ।

उहाँले भन्नुभयो, "मोतीहारी-अमलेखगञ्ज पेट्रोलियम पाइपलाइन सञ्चालन भएपछि जलेश्वर भन्सारबाट हुने पेट्रोलियम आयात क्रमशः घट्न थाल्यो। सुरुमा पाइपलाइनबाट डिजेल मात्र आयात हुँदा प्रभाव सीमित थियो । २०८१ फागुनदेखि पेट्रोलसमेत पाइपलाइनमार्फत आउन थालेपछि जलेश्वर नाकाबाट पेट्रोलियम आयात लगभग बन्द भयो, जसले राजस्व सङ्कलनमा ठूलो असर पारेको हो ।"

बस्नेतका अनुसार आर्थिक वर्ष २०८२/८३ देखि कृषि अग्रिम कर खारेज गरिनु पनि राजस्व घट्नुको अर्को कारण हो।

भन्सार कार्यालयका अनुसार सीमाक्षेत्रका आन्दोलन, झडप, निर्वाचन, बर्खा, बाढी तथा भारतीय क्षेत्रमा हुने बन्द-हडतालजस्ता गतिविधिले आयात-निर्यात प्रभावित हुने भएकाले राजस्व सङ्कलनमा प्रत्यक्ष असर पर्ने गरेको छ ।



पत्रिकाका लागि एक नयाँ आवाज
टक नेपाल
Talk Nepal National Daily राष्ट्रिय दैनिक

## सम्पादकीय

### प्राकृतिक सम्पदाको सदुपयोग : समृद्धिको आधार

नेपाल प्रकृतिले सम्पन्न राष्ट्र हो। हिमाल, नदी, उर्वर भूमि, जैविक विविधता, सांस्कृतिक सम्पदा र धार्मिक आस्थाका केन्द्रहरूले नेपाललाई अन्य मुलुकभन्दा विशिष्ट बनाएका छन्। यी प्राकृतिक र सांस्कृतिक सम्पदाले समृद्धिको बलियो आधार प्रदान गरे पनि त्यसअनुसार आर्थिक उपलब्धि हासिल हुन सकेको छैन। समस्या स्रोतको अभावमा होइन, स्रोतको प्रभावकारी उपयोग र सुशासनको कमजोरीमा छ।

पर्यटन, जलविद्युत् र कृषि नेपालको आर्थिक विकासका प्रमुख आधार हुन्। विश्वकै सर्वोच्च शिखर सगरमाथादेखि लुम्बिनी, पशुपतिनाथ, जनकपुरधाम र अन्य धार्मिक तथा प्राकृतिक गन्तव्यहरूले नेपाललाई अन्तर्राष्ट्रिय पर्यटनको आकर्षक केन्द्र बनाउन सक्छन्। तर पर्यटकको सङ्ख्या बढाउनु मात्र पर्याप्त हुँदैन। गुणस्तरीय सेवा, पूर्वाधार, डिजिटल प्रवर्द्धन, स्थानीय उत्पादनसँग पर्यटनको सम्बन्ध र दिगो व्यवस्थापनमा जोड दिन आवश्यक छ।

त्यसैगरी, जलसम्पदाको वैज्ञानिक उपयोगले नेपाललाई स्वच्छ ऊर्जाको क्षेत्रीय केन्द्र बनाउन सक्छ। कृषि क्षेत्रमा आधुनिक प्रविधि, सिँचाइ, प्रशोधन र बजार व्यवस्थापन सुधार गर्न सके रोजगारी र निर्यात दुवै बढ्न सक्छ। तर यी सम्भावना केवल योजनामा सीमित रहेर साकार हुँदैनन्। नीतिगत स्थिरता, पारदर्शिता, भ्रष्टाचार नियन्त्रण र प्रभावकारी कार्यान्वयन अपरिहार्य छन्।

जलवायु परिवर्तनले हिमाल, नदी र जैविक विविधतामा चुनौती थपिरहेको छ। त्यसैले विकास र वातावरण संरक्षणबीच सन्तुलन कायम गर्नु आजको आवश्यकता हो। प्राकृतिक सम्पदाको दोहन होइन, दिगो उपयोग नै दीर्घकालीन समृद्धिको आधार बन्न सक्छ।

नेपालसँग युवा जनशक्ति, प्राकृतिक स्रोत र विकासका पर्याप्त अवसर छन्। आवश्यक छ-दूरदर्शी नेतृत्व, सुशासन र साझा राष्ट्रिय प्रतिबद्धता। प्राकृतिक वरदानलाई आर्थिक समृद्धिमा रूपान्तरण गर्न सरकार, निजी क्षेत्र र नागरिक समाजबीच सहकार्य अपरिहार्य छ। यही बाटोले मात्र समृद्ध नेपालको सपना यथार्थमा बदल्न सक्छ।

# ५ लाख घुससहित कर अधिकृत पाल रंगेहात पक्राउ



• टक नेपाल

सिरहाको लहानस्थित आन्तरिक राजस्व कार्यालयका कर अधिकृत युवराज पाल पाँच लाख रुपैयाँ घुस लिइरहेको अवस्थामा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको टोलीले रंगेहात पक्राउ गरेको छ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको बर्दिबास कार्यालयबाट खटिएको टोलीले कार्यालय परिसरभित्रै सेवाग्राहीबाट घुस रकम बुझिसकेको अवस्थामा पाललाई नियन्त्रणमा लिएको हो। पक्राउसँगै घटनास्थलमा मुचुल्का तयार गर्ने, प्रमाण सङ्कलन गर्ने तथा अन्य कानुनी प्रक्रिया अघि बढाइएको आयोगले जनाएको छ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोग बर्दिबासका प्रमुख रामबहादुर कुरुम्बाङका अनुसार कर अधिकृत पाललाई पाँच लाख रुपैयाँ घुस रकमसहित पक्राउ गरिएको हो। घटनाबारे थप अनुसन्धान भइरहेको र प्राप्त प्रमाणका आधारमा कानुनी प्रक्रिया अघि बढाइने उनले बताए।

अख्तियार स्रोतका अनुसार गोलबजारस्थित सिरहा सुपर मार्केटको आर्थिक वर्ष २०७८/७९ को पूर्ण कर परीक्षण (फुल ट्याक्स अडिट) गर्ने क्रममा पालले सेवाग्राहीसँग घुस मागेका थिए। प्रारम्भिक परीक्षणमा कर, जरिवाना तथा अन्य शीर्षक जोडेर करिब दुई करोड रुपैयाँ कर दायित्व देखाइएको थियो। त्यसपछि पुनः मूल्याङ्कन गर्दा कर दायित्व थप ३० देखि ३५ लाख रुपैयाँसम्म बढ्न सक्ने जानकारी दिइएको थियो।

यही अवस्थालाई आधार बनाएर कर अधिकृत पालले कर दायित्व मिलाइदिने र सम्पूर्ण समस्या समाधान गरिदिने भन्दै १२ लाख रुपैयाँ घुस मागेको आरोप छ। उनले उक्त रकम आफू मात्र नभई आफूभन्दा माथिका अधिकारी तथा अन्य व्यक्तिलाई समेत मिलाउन आवश्यक पर्ने भन्दै माग गरेको अख्तियार स्रोतले जनाएको छ।

सुपर मार्केटका प्रतिनिधिले कम्पनीको आर्थिक अवस्था कमजोर रहेको भन्दै मागिएको रकम दिन नसकिने बताएपछि दुवै पक्षबीच रकम घटाउने विषयमा छलफल भएको थियो। अन्ततः पाँच लाख रुपैयाँमा सहमति भएको बताइएको छ।

त्यसपछि सुपर मार्केटका प्रतिनिधिले अख्तियारमा उजुरी दिएका थिए। उजुरीका आधारमा आयोगले योजनाबद्ध रूपमा निगरानी सञ्चालन गरेको थियो। सोही क्रममा सेवाग्राहीबाट पाँच लाख रुपैयाँ घुस लिइसकेको अवस्थामा पाललाई कार्यालयबाटै रंगेहात पक्राउ गरिएको हो।

अख्तियारले घटनामा अन्य कर्मचारी वा व्यक्तिको संलग्नता रहेको वा नरहेको विषयमा पनि अनुसन्धान भइरहेको जनाएको छ। अनुसन्धानबाट प्राप्त प्रमाणका आधारमा भ्रष्टाचार निवारण ऐनअनुसार मुद्दा दायर गर्ने तयारी भइरहेको आयोग स्रोतले जनाएको छ।

# सरोकारवालासँग छलफल नगरी सञ्चारसम्बन्धी तीन संस्था गाभ्ने तयारी




• टक नेपाल

जनकपुरधाम। मधेश प्रदेश सरकारले सञ्चार क्षेत्रसँग सम्बन्धित तीन वटा स्वायत्त संस्थालाई एउटै संरचनामा ल्याउने गरी 'मधेश प्रदेश आमसञ्चार विधेयक, २०८२' को मस्यौदा तयार गरेको छ। तर सञ्चार क्षेत्रका सरोकारवाला निकायसँग कुनै औपचारिक छलफल नगरी विधेयक अघि बढाइएको भन्दै प्रश्न उठ्न थालेको छ।

गृह, सञ्चार तथा कानुन मन्त्रालयले तयार पारेको मस्यौदाअनुसार आमसञ्चार प्राधिकरण, मिडिया काउन्सिल र चलचित्र तथा लोकसञ्चार प्रवर्द्धन बोर्डलाई गाभेर एउटै संस्था बनाइनेछ। साथै, हाल कार्यान्वयनमा रहेका 'प्रदेश सञ्चार सम्बन्धी ऐन, २०७७' र 'प्रदेश एफएम, रेडियो तथा टेलिभिजन सञ्चालन सम्बन्धी ऐन, २०७७' खारेज गर्ने प्रस्तावसमेत गरिएको छ।

प्रदेश सरकार गठनपछि सञ्चार क्षेत्रको नियमन, पत्रकारिता प्रवर्द्धन तथा लोककला र चलचित्र क्षेत्रको विकासका लागि स्थापित यी तीनवटै संस्था कानुनी रूपमा स्वायत्त हुन्। तर पर्याप्त बजेट, जनशक्ति र स्रोत-साधन अभावका कारण अपेक्षाअनुसार प्रभावकारी रूपमा सञ्चालन हुन नसकेको गुनासो विगतदेखि रहँदै आएको छ।

नयाँ विधेयकमा हाल अध्यक्षसहित १३ सदस्यीय रहेको संरचनालाई घटाएर अध्यक्ष र तीन सदस्यसहित चार सदस्यीय बनाउने प्रस्ताव गरिएको छ। यसले संस्थागत प्रतिनिधित्व घट्ने देखिएको छ। विशेषगरी कला तथा लोकसञ्चार क्षेत्रको प्रतिनिधित्व तीनबाट घटाएर एक जनामा सीमित गर्ने व्यवस्था प्रस्ताव गरिएको छ।

विधेयकमा पदको हैसियतसमेत घटाउने प्रस्ताव छ। हाल अध्यक्ष प्रदेश सहसचिव सरह र सदस्य अधिकृत (सातौँ तह) सरह रहने व्यवस्था रहेकामा नयाँ मस्यौदाले अध्यक्षलाई अधिकृत (सातौँ तह) र सदस्यलाई सुब्बा (पाँचौँ तह) स्तरमा सीमित गर्ने प्रस्ताव गरेको छ। सञ्चार क्षेत्रका जानकारहरूले यसलाई संस्थाको गरिमा र स्वायत्ततामाथिको अवमूल्यनका रूपमा टिप्पणी गरेका छन्।

गृह, सञ्चार तथा कानुन मन्त्रालयका सूचना अधिकारी एवं प्रवक्ता राधेश्यामप्रसाद पालले नयाँ विधेयकको गृहकार्य भइरहेको पुष्टि गरे। उनका अनुसार सरकारको समग्र नीतिअनुसार आवश्यकताका आधारमा निकायहरूको पुनर्संरचना, मर्ज तथा खारेजी गर्ने नीति रहेकाले सञ्चार क्षेत्रका संस्थालाई पनि एउटै संरचनामा ल्याउन लागिएको हो। उनले सेवा-सुविधा भने नियमावलीमार्फत निर्धारण गरिने बताए।

मन्त्रालयले यस विधेयकका लागि गत वैशाख १६ गते अर्थ मन्त्रालयबाट सैद्धान्तिक सहमतिसमेत लिइसकेको जनाएको छ।

यद्यपि, प्रस्तावित विधेयकबारे सम्बन्धित संस्थाका पदाधिकारी भने अनभिज्ञ छन्।

आमसञ्चार प्राधिकरणका अध्यक्ष जितेन्द्रकुमार खड्गाले नयाँ कानुनबारे कुनै औपचारिक जानकारी वा छलफलका लागि मन्त्रालयले नबोलाएको बताए। मिडिया काउन्सिलकी कार्यवाहक अध्यक्ष वन्दना झाले सञ्चार क्षेत्रलाई प्रत्यक्ष असर गर्ने कानुन बनाउनुअघि सरोकारवालासँग व्यापक परामर्श हुनुपर्ने बताइन्।

चलचित्र विकास तथा लोकसञ्चार बोर्डका अध्यक्ष किशोर लेखीले पनि विधेयकबारे अनौपचारिक रूपमा मात्र सुनेको तर मन्त्रालयले कुनै आधिकारिक जानकारी नदिएको बताए।

आमसञ्चार प्राधिकरणका संस्थापक अध्यक्ष श्यामसुन्दर यादवले सरकारले पर्याप्त बजेट, कर्मचारी र अधिकार नदिई संस्थालाई कमजोर बनाएको र अहिले त्यही अवस्थालाई आधार बनाएर संस्था गाभ्ने तयारी गरिएको आरोप लगाए। उनका अनुसार सङ्घीय शासन व्यवस्थाको मर्मअनुसार प्रदेशमा स्वतन्त्र र सक्षम सञ्चार संस्थाको विकास हुनुपर्नेमा उल्टै संरचना खुम्च्याउने प्रयास भइरहेको छ।

नेपाल पत्रकार महासङ्घ मधेश प्रदेशका महासचिव शैलेन्द्र महतो (क्रान्ति) ले पनि प्रस्तावित विधेयकबारे महासङ्घलाई कुनै जानकारी वा छलफल नगरिएको बताए।

सञ्चार क्षेत्रका जानकारहरूका अनुसार सञ्चार नीति तथा नियामक संरचनामा परिवर्तन गर्नुअघि पत्रकार महासङ्घ, सञ्चारसम्बन्धी संस्था, सञ्चार विज्ञ, कानुनविद् तथा अन्य सरोकारवालासँग खुला बहस गर्नु लोकतान्त्रिक अभ्यास हो। तर त्यस्तो प्रक्रिया अवलम्बन नगरी विधेयक अघि बढाइएकाले सरकारको नियतमाथि प्रश्न उठेको उनीहरूको भनाइ छ।






# मौन आँसुको जिम्मेवारी

टक नेपाल

'जुन पीडा आफैँले भोगेको हुँदैन, त्यसको गहिराइ कथा सुनेर बुझ्न सकिन्छ, तर हृदयले महसुस गर्न कठिन हुन्छ ।' यही जीवनको सत्य हो । यही इतिहासको सत्य हो । यही लोकतन्त्रको पनि सत्य हो । हामीमध्ये धेरैले अभावको पीडा भोगेका छैनौँ । त्यसैले एक गाँस अन्नको मूल्य कहिलेकाहीँ थाहा हुँदैन ।

जसले भोकै रात काटेको छ, उसले रोटीको सुगन्धमै भगवान् देख्छ । जसले मरुभूमिमा तिर्खा सहेको छ, उसले पानीको एउटा थोपोलाई अमृत ठान्छ । स्वतन्त्रताको पनि यही कथा हो । जसले बोल्न नपाएको पीडा भोगेको छ, उसले बोल्ने अधिकारको मूल्य बुझ्छ । जसले अन्यायविरुद्ध मुख खोल्दा जेलको ढोका देखेको छ, उसले संविधानको महत्त्व बुझ्छ । जसले आफ्नै देशमा आफ्ना विचारका कारण निर्वासन रोज्नुपरेको छ, उसले लोकतन्त्रको अर्थ केवल शासन प्रणाली होइन, जीवनको श्वास हो भन्ने अनुभव गर्छ ।

आजको पुस्ताले ती पीडाहरू भोगेको छैन । यो उनीहरूको दोष होइन, बरु अघिल्लो पुस्ताको सफलताको प्रमाण हो । किनभने हरेक आमाबुबा आफूले भोगेको दुःख आफ्ना सन्तानले दोहोऱ्याउन नपरोस् भन्ने चाहन्छन् ।

किसान चाहन्छ, छोरोले कठोर घाममा खेत जोत्न नपरोस् । मजदुर चाहन्छ, छोरीले भारी बोक्न नपरोस् । गरिब चाहन्छ, उसका सन्तानले भोकको आँसु नदेखून् । त्यसैगरी लोकतन्त्रका योद्धाहरूले पनि चाहेका थिए- आउने पुस्ताले जेल, दमन, डर र निरङ्कुशताको जीवन बाँच्न नपरोस् । त्यसैकारण बीपी कोइराला, गणेशमान सिंह, कृष्णप्रसाद भट्टराई, गिरिजाप्रसाद कोइरालालगायत हजारौँ ज्ञात-अज्ञात लोकतन्त्र सेनानीहरूले आफ्नो युवावस्था, परिवारको सुख, स्वास्थ्य र व्यक्तिगत जीवन राष्ट्रका लागि समर्पण गरे ।

भगवान् श्रीकृष्णले सम्झाउनुहुन्छ, 'धर्मको रक्षा नगरे अन्याय स्थायी बन्छ । अन्यायसँग सम्झौता गर्नु शान्ति होइन, त्यो भविष्यको अझ ठूलो विनाशको बीउ हो ।'

आज श्रावण ६ मा हामी बीपी कोइरालालाई सम्झिरहेका छौँ । उहाँलाई सम्झनु केवल एउटा नेतालाई श्रद्धाञ्जलि दिनु होइन । उहाँले भोगेको पीडालाई सम्झनु हो । उहाँले देखेको नेपालको सपना सम्झनु हो । र, सबैभन्दा ठूलो कुरा, स्वतन्त्रताको मूल्य सम्झनु हो ।

महाभारतमा एउटा अत्यन्त मार्मिक प्रसङ्ग छ- युद्ध समाप्त भएसँगै कुरुक्षेत्रमा विजयको शंखबज्छ । तर विजयको उत्सवभन्दा बढी युद्धभूमिमा विधवाहरूको रुवाइ गुञ्जिन्छ । लाखौँ परिवार उजाड हुन्छन् । तब धर्मराज युधिष्ठिरको मनमा प्रश्न उठ्छ, 'यदि राज्य प्राप्त गर्न यति धेरै आँसु बगाउनु पर्थ्यो भने, यो विजयको अर्थ के हो ?'

भगवान् श्रीकृष्णले सम्झाउनुहुन्छ, 'धर्मको रक्षा नगरे अन्याय स्थायी बन्छ । अन्यायसँग सम्झौता गर्नु शान्ति होइन, त्यो भविष्यको अझ ठूलो विनाशको बीउ हो ।' महाभारतको मूल शिक्षा युद्ध होइन, धर्मको रक्षा हो । शक्ति होइन, न्याय हो । शासन होइन, उत्तरदायित्व हो ।

जब सत्ता धर्मभन्दा माथि उठ्न खोज्छ, जब शासन जनताको सेवाभन्दा आफ्नै अस्तित्वको रक्षामा केन्द्रित हुन्छ, जब नागरिकको आवाज दबाइन्छ, तब इतिहासले परिवर्तनको माग गर्छ । नेपालको इतिहास पनि यही सत्यबाट अलग छैन । हामीले विभिन्न कालखण्डमा नागरिक स्वतन्त्रता सीमित भएको देख्यौँ । राजनीतिक दलमाथि प्रतिबन्ध लाग्यो । फरक विचार राख्नेहरू जेल परे । पत्रपत्रिकामाथि नियन्त्रण गरियो । नागरिकले शासन परिवर्तन गर्ने अधिकार प्रयोग गर्न पाएनन् । हजारौँ परिवारले आफ्ना सदस्य जेलमा देखे । कतिपय देश छोड्न बाध्य भए । कतिपयले आफ्नो जीवन नै लोकतन्त्रको वेदीमा अर्पण गरे ।

यी घटनाहरू कुनै एउटा व्यक्तिप्रतिको घृणा सिकाउनका लागि होइनन् । यी घटनाहरू सम्झनुको उद्देश्य एउटा मात्र हो- स्वतन्त्रता कहिल्यै निःशुल्क प्राप्त हुँदैन ।

दुर्भाग्यवश, समय बित्दै जाँदा स्मृति कमजोर हुन्छ । पीडा बिर्सन थालिन्छ । अनि स्वतन्त्रता स्वाभाविक लाग्न थाल्छ ।

बीपी कोइरालाले पटक-पटक भन्नुभएको थियो- लोकतन्त्रको रक्षा केवल नेताले गर्दैन, सचेत नागरिकले गर्छन् । आज हामी स्वतन्त्र रूपमा लेख्न सक्छौँ । सरकारको आलोचना गर्न सक्छौँ । आफ्ना प्रतिनिधि छान्न सक्छौँ । अदालत जान सक्छौँ । आफ्ना विचार सार्वजनिक गर्न सक्छौँ । यी सबै अधिकार कुनै शासकले कृपावश दिएका होइनन् । यी अधिकार नेपाली जनताको दशकौँ लामो सङ्घर्षका उपलब्धि हुन् ।

दुर्भाग्यवश, समय बित्दै जाँदा स्मृति कमजोर हुन्छ । पीडा बिर्सन थालिन्छ । अनि स्वतन्त्रता स्वाभाविक लाग्न थाल्छ । आजको पुस्ताले कहिलेकाहीँ भन्छ- लोकतन्त्रले के दियो ?



यो प्रश्न स्वाभाविक हो । लोकतन्त्रले पनि गल्ती गरेको छ । राजनीतिक दलहरूले पनि जनअपेक्षा पूरा गर्न सकेनन् । भ्रष्टाचार, अस्थिरता, अवसरवाद र निराशाले जनविश्वासमा चोट पुऱ्याएको छ । तर यस प्रश्नलाई हामीले उल्ट्याएरै भए पनि आफैँलाई सोध्नुपर्छ- यदि नागरिकलाई सरकार बदल्ने अधिकार नै नहुने हो भने ? यदि असहमति जनाउँदा डराउनुपर्ने हो भने ? यदि राज्य जनताप्रति होइन, केवल शक्तिप्रति उत्तरदायी हुने हो भने ? लोकतन्त्रको मूल्य त्यसबेला सबैभन्दा बढी बुझिन्छ, जब त्यो हराउन थाल्छ ।

त्यसैले श्रावण ६ केवल एउटा स्मृति दिवस होइन । यो पुस्तादेखि पुस्तासम्म स्वतन्त्रताको कथा सुनाउने दिन हो । यो आफ्ना सन्तानलाई भन्ने दिन हो, 'हामीले दुःख भोग्यौँ, ताकि तिमीहरूले नभोग्नुपरोस् । तर हाम्रो पीडा नबिर्स, किनभने इतिहास बिर्सने समाजले स्वतन्त्रताको मूल्य पनि बिर्सन्छ ।'

बीपी कोइरालाको जीवनले हामीलाई यही सिकाउँछ- सत्ता क्षणिक हुन्छ, सिद्धान्त अमर हुन्छ । पद समाप्त हुन्छ, तर सत्यका लागि गरिएको सङ्घर्ष इतिहासमा अमिट रहन्छ । राष्ट्र बलियो हुन्छ, जब नागरिक स्वतन्त्र हुन्छन् । र, नागरिक स्वतन्त्र तब मात्र हुन्छन्, जब लोकतन्त्र केवल संविधानका पानामा होइन, जनताको चेतनामा जीवित रहन्छ ।

महाभारतको अर्को अत्यन्त गहिरो प्रसङ्ग द्रौपदीको चीरहरण हो । सभामा भीष्मजस्ता महाज्ञानी थिए, द्रोणाचार्य थिए, कृपाचार्य थिए, धृतराष्ट्र थिए, सबैले अन्याय देखे । तर धेरैजसो मौन रहे । त्यही मौनता अन्यायको सबैभन्दा ठूलो शक्ति बन्यो ।

बीपी कोइरालाले यही चेतना नेपाली समाजमा जगाउनुभयो । उहाँले सत्ता खोज्नुभन्दा नागरिकको चेतना जगाउनुभयो ।

त्यसैले भगवान् श्रीकृष्णले प्रत्यक्ष युद्धभन्दा पहिले नै एउटा शिक्षा दिनुभएको थियो- अन्याय गर्ने मात्र दोषी हुँदैन; अन्याय देखेर मौन बस्ने पनि उत्तिकै दोषी हुन्छ । लोकतन्त्रको धर्म पनि यही हो । नागरिकले अन्याय देख्दा बोल्न पाउनुपर्छ । फरक विचार राख्न पाउनुपर्छ । सरकारको आलोचना गर्न पाउनुपर्छ । किनकि आलोचनाबाट भाग्ने व्यवस्था बलियो हुँदैन; आलोचना सुन्न सक्ने व्यवस्था नै बलियो हुन्छ ।

बीपी कोइरालाले यही चेतना नेपाली समाजमा जगाउनुभयो । उहाँले सत्ता खोज्नुभन्दा नागरिकको चेतना जगाउनुभयो । उहाँका लागि लोकतन्त्र चुनाव जित्ने माध्यम मात्र थिएन; त्यो मानिसको आत्मसम्मानसँग जोडिएको जीवनदर्शन थियो ।

बीपीले आफ्नो जीवनको ठूलो हिस्सा जेलमा बिताउनुभयो । निर्वासन सहनुभयो । परिवारबाट टाढा रहनुभयो । स्वास्थ्य बिग्रँदै जाँदा पनि उहाँले विचार परिवर्तन गर्नुभएन । किनभने उहाँलाई थाहा थियो- व्यक्तिको जीवन सीमित हुन्छ, तर विचारको आयु पुस्तौँसम्म रहन्छ ।

आज हामीले आफैँलाई एउटा प्रश्न सोध्नुपर्छ- यदि बीपी कोइराला र उहाँका समकालीनहरूले व्यक्तिगत सुख रोजेका भए के हुन्थ्यो ? यदि उनीहरूले 'हामी किन जेल जाने ? हामीले किन सङ्घर्ष गर्ने ?' भनेको भए के आजको नेपाल यस्तो हुन्थ्यो ? सायद आज हामीले स्वतन्त्र रूपमा आफ्ना विचार लेख्न पाउँदैनथ्यौँ । सायद हामीले आफ्ना प्रतिनिधि छान्न पाउँदैनथ्यौँ । सायद नागरिक अधिकारलाई अधिकार होइन, शासकको कृपा मान्नुपर्ने अवस्था हुन्थ्यो ।

हामी नेपालीहरूको एउटा सुन्दर संस्कार छ । बुबाले पुरानो जुत्ता लगाएर पनि छोरालाई नयाँ जुत्ता किनिदिन्छन् । आमाले आफू भोकै बसेर पनि सन्तानलाई पेटभरि खाना खुवाउँछिन् । उनीहरू आफ्नो पीडा सन्तानले भोग्न नपरोस् भन्ने चाहन्छन् । लोकतन्त्रको इतिहास पनि यही ममताको इतिहास हो ।

हिजोको पुस्ताले जेल भोग्यो, ताकि आजको पुस्ताले स्वतन्त्रता भोगोस् । हिजोको पुस्ताले यातना सह्यो, ताकि आजको पुस्ताले सम्मान पाओस् । हिजोको पुस्ताले डरको रात बितायो, ताकि आजको पुस्ताले निर्भय भएर भविष्यको सपना देख्न सकोस्।

तर एउटा जोखिम पनि यहीँ छ । जुन पीडा हामीले भोगेका हुँदैनौँ, त्यसलाई हामी सामान्य ठान्न थाल्छौँ । जसले युद्ध देखेको छैन, उसले शान्तिको मूल्य कम आँक्न सक्छ । जसले दमन भोगेको छैन, उसले स्वतन्त्रतालाई स्वाभाविक ठान्न सक्छ । त्यसैले इतिहास पढ्नु केवल परीक्षा पास गर्नका लागि होइन ।

इतिहास पढ्नु भनेको आफूले नभोगेको पीडालाई चेतनामा अनुभव गर्नु हो । आज धेरै युवाले लोकतन्त्रप्रति प्रश्न उठाउँछन् । ती प्रश्नहरूलाई अस्वीकार गर्नु हुँदैन । लोकतन्त्रमा प्रश्न सोध्ने अधिकार नै लोकतन्त्रको शक्ति हो ।

महाभारतमा विदुरले धृतराष्ट्रलाई बारम्बार चेतावनी दिन्छन्, 'राजा प्रजाका लागि हो; प्रजा राजाका लागि होइन ।'

हो, हामीले भ्रष्टाचार देखेका छौँ । हो, हामीले राजनीतिक अस्थिरता देखेका छौँ । हो, हामीले नेतृत्वका कमजोरीहरू देखेका छौँ । तर यी कमजोरीहरू लोकतन्त्रका आदर्श होइनन्; लोकतान्त्रिक अभ्यासका चुनौती हुन् । लोकतन्त्रको उत्तर लोकतन्त्रलाई अझ उत्तरदायी, पारदर्शी र संस्थागत बनाउनु हो । नागरिकले सचेत भएर सहभागिता जनाउनु, संस्थाहरूलाई बलियो बनाउनु र जवाफदेहिता माग्नु नै यसको उपाय हो ।

महाभारतमा विदुरले धृतराष्ट्रलाई बारम्बार चेतावनी दिन्छन्, 'राजा प्रजाका लागि हो; प्रजा राजाका लागि होइन ।'

यही सिद्धान्त आधुनिक लोकतन्त्रको पनि मूल भावना हो । राज्यको वैधता जनताबाट आउँछ र राज्य जनताप्रति उत्तरदायी रहनुपर्छ । बीपी कोइरालाले पनि यही विश्वास बोकेर राजनीति गर्नुभयो । उहाँले राष्ट्रियता, प्रजातन्त्र र समाजवादलाई परस्पर जोडिएका मूल्यका रूपमा प्रस्तुत गर्नुभयो ।

उहाँको राष्ट्रियता कुनै व्यक्तिको पूजा होइन; सम्पूर्ण नेपालीको साझा सम्मान थियो । उहाँको लोकतन्त्र केवल मतदानको दिन होइन; हरेक दिन नागरिकको सम्मान सुरक्षित रहने व्यवस्था थियो ।

त्यसैले साउन ६ मा हामीले बीपीलाई सम्झँदै गर्दा, उहाँको तस्बिरमा फूल चढाउनु मात्र पर्याप्त हुँदैन, उहाँका आदर्शलाई व्यवहारमा उतार्नु आवश्यक छ । यदि हामीले फरक विचार राख्ने व्यक्तिलाई शत्रु ठान्यौँ भने हामीले बीपीलाई बुझेका छैनौँ ।

यदि हामीले लोकतन्त्रलाई केवल चुनावमा सीमित गऱ्यौँ भने हामीले बीपीलाई बुझेका छैनौँ । यदि हामीले राष्ट्रभन्दा व्यक्ति ठूलो ठान्यौँ भने हामीले बीपीलाई बुझेका छैनौँ । यदि हामीले इतिहासबाट शिक्षा लिन छोड्यौँ भने भविष्यले हामीलाई कठोर मूल्य चुकाउन बाध्य पार्न सक्छ ।

हामी आफ्ना सन्तानलाई यस्तो नेपाल सुम्पनेछौँ, जहाँ कुनै पनि नागरिकले आफ्नो विचारका कारण डराउन नपरोस् ।

आजको पुस्तालाई निरङ्कुशताको पीडा महसुस नहुनु स्वाभाविक हो । तर त्यस पीडाको स्मृति जीवित राख्नु हाम्रो सामूहिक जिम्मेवारी हो । स्मृति बदला लिनका लागि होइन; गल्ती नदोहोऱ्याउनका लागि हो । इतिहास घृणा फैलाउनका लागि होइन; विवेक जगाउनका लागि हो । बीपी कोइरालाको स्मृतिमा सबैभन्दा ठूलो श्रद्धाञ्जलि यही हुनेछ- हामी स्वतन्त्रतालाई अधिकार मात्र होइन, जिम्मेवारी पनि मानौँ । लोकतन्त्रलाई केवल प्राप्त उपलब्धि होइन, निरन्तर जोगाइरहनुपर्ने साझा सम्पत्ति ठानौँ ।

साउन ६ ले हामीलाई यही सन्देश दिन्छ- हामीले आफ्ना सन्तानलाई आफ्ना घाउ होइन, आफ्ना सपनाहरू हस्तान्तरण गर्नुपर्छ । तर ती सपनाहरू कुन मूल्य चुकाएर प्राप्त भएका हुन् भन्ने इतिहास पनि हस्तान्तरण गर्नुपर्छ ।

किनकि इतिहास सम्झने पुस्ताले मात्र भविष्य सुरक्षित बनाउन सक्छ । बीपी कोइराला आज शारीरिक रूपमा हामीमाझ हुनुहुन्न । तर उहाँको विचार, त्याग र लोकतन्त्रप्रतिको अटुट विश्वास आज पनि प्रत्येक स्वतन्त्र नेपालीको श्वासमा जीवित छ ।

आउनुहोस्, साउन ६ मा हामी प्रण गरौँ- हामी स्वतन्त्रतालाई हल्का रूपमा लिनेछैनौँ । हामी लोकतन्त्रलाई कमजोर पार्ने होइन, अझ बलियो बनाउने नागरिक बन्नेछौँ । हामी इतिहास बिर्सनेछैनौँ ।

र, हामी आफ्ना सन्तानलाई यस्तो नेपाल सुम्पनेछौँ, जहाँ कुनै पनि नागरिकले आफ्नो विचारका कारण डराउन नपरोस् । जहाँ राज्यको शक्ति जनताको सेवामा समर्पित होस् र जहाँ लोकतन्त्र केवल संविधानको शब्द होइन, प्रत्येक नेपालीको जीवन संस्कार बनोस् । यही हुनेछ, बीपी कोइरालाप्रति सच्चा श्रद्धाञ्जलि ।

अत्याधुनिक प्रविधि तथा विशेषज्ञ सेवासहित ३ वर्षे नर्सिङ कलेज भएको महोत्तरीको एकमात्र अस्पताल

- २४ सं घण्टा इमर्जेन्सी सेवा
- ICU,NICU,PICU सेवा
- EndosocopyDiode Laser सेवा
- विभिन्न विभागहरूको विशेषज्ञ डाक्टरहरूद्वारा उत्कृष्ट स्वास्थ्य सेवा
- Laproscopy सेवा
- X-Ray, USG, CT Scan सेवा
- क्याबिनको समेत व्यवस्था भएको
- 247 Ambulance सेवा




SHUBHA SWOSTIK HOSPITAL PVT.LTD

शुभ स्वस्तिक हस्पिटल प्रा.लि.
मेनोरोड बर्दिबास, महोत्तरी
०४४-५५२५५,९८१२०१८०१०

# राहत शिक्षकको आन्दोलन
# सशक्त बनाउन मधेश प्रदेशका रणनीतिक निर्णय




• टक नेपाल

नेपाल राहत शिक्षक मधेश प्रदेश समितिको आकस्मिक बैठक महोत्तरीको बर्दिबासस्थित श्री देउराली माध्यमिक विद्यालयमा सम्पन्न भएको छ। प्रदेश अध्यक्ष गंगाप्रसाद यादवको अध्यक्षतामा बसेको बैठकले राहत शिक्षकहरूको आन्दोलन, संगठन सुदृढीकरण तथा भावी रणनीतिसम्बन्धी महत्त्वपूर्ण निर्णय गरेको छ।

बैठकमा विद्यालय शिक्षा विधेयक, राहत शिक्षकका समसामयिक समस्या तथा आन्दोलनको आगामी कार्यदिशाबारे छलफल गरिएको थियो। सहभागीहरूले राहत शिक्षकहरूबीच एकता कायम गर्दै संगठनलाई थप सशक्त बनाउने विषयलाई प्राथमिकतामा राखेका थिए।

आकस्मिक बैठकमा नेपाल राहत शिक्षक केन्द्रीय समितिका उपाध्यक्ष शिवशंकर कामती, केन्द्रीय सदस्यहरू जितेन्द्र झा र युवरा जसहित केन्द्रीय तथा प्रदेश नेतृत्वको उपस्थिति रहेको थियो। मधेश प्रदेशका आठवटै जिल्लाका जिल्ला अध्यक्ष तथा बर्दिबास नगरपालिकाका विभिन्न विद्यालयमा कार्यरत राहत शिक्षकहरूको उल्लेखनीय सहभागिता रहेको थियो।

बैठकमा सहभागी शिक्षकहरूले राहत शिक्षकलाई स्थायी गर्न, सरकारसँग भएका विगतका सहमतिहरू कार्यान्वयन गर्न तथा राहत शिक्षकमाथि भइरहेको विभेद अन्त्य गर्न सरकारसँग माग गरेका छन्।

बैठकले आगामी साउन ९ गते हुने कोशी प्रदेशको एकता बैठकको सफलताको कामना गर्दै ऐक्यबद्धता जनाएको छ। साथै, कुनै कारणवश उक्त बैठक सफल हुन नसके मधेश प्रदेश समितिले देशभरका राहत शिक्षकलाई समेटेर भव्य एकता बैठक आयोजना गर्दै आन्दोलनको नेतृत्व लिने निर्णय पनि गरेको छ।

त्यसैगरी, साउन ९ गते नै मधेश प्रदेशका आठवटै जिल्लामा जिल्ला भेला आयोजना गर्ने निर्णय गरिएको छ। जिल्ला तहमा संगठन विस्तार र आन्दोलनलाई प्रभावकारी बनाउन सबै जिल्ला अध्यक्षहरूलाई आवश्यक तयारीमा जुट्न निर्देशन दिइएको समितिले जनाएको छ।

# बागमती फनपार्क अनियमिततामा पूर्व अर्थमन्त्रीसहित ७ जनाविरुद्ध मुद्दा

• टक नेपाल




अख्तियार दुरुपयोग अनुसन्धान आयोगले मधेस प्रदेश सरकारका तत्कालीन अर्थमन्त्री शैलेन्द्र प्रसाद साह, तत्कालीन सचिव गजेन्द्रकुमार ठाकुर, सर्लाहीको बागमती नगरपालिकाका तत्कालीन नगरप्रमुख भरतकुमार थापासहित सात जना तथा निर्माण कम्पनी बिकोई/धुलिखेल जेभी, बानेश्वर (काठमाडौं) विरुद्ध विशेष अदालतमा भ्रष्टाचार मुद्दा दायर गरेको छ।

आयोगले सर्लाहीको बागमती नगरपालिका-११ स्थित बागमती फनपार्क एण्ड रिसोर्ट निर्माण आयोजनाको सार्वजनिक खरिद प्रक्रियामा अनियमितता, लागत कृत्रिम रूपमा बढाएर ठेक्का स्वीकृत गरेको तथा सार्वजनिक सम्पत्तिमा हानिनोक्सानी पुऱ्याएको आरोपमा बिहीबार मुद्दा दायर गरेको हो।

आयोगले तत्कालीन अर्थमन्त्री साह र तत्कालीन सचिव ठाकुरसँग जनही ३५ करोड रुपैयाँ बिगो मागदाबी गरेको छ। यस्तै, तत्कालीन नगरप्रमुख भरतकुमार थापा, तत्कालीन उपप्रमुख लीलाकुमारी मुक्तान र तत्कालीन प्रमुख प्रशासकीय अधिकृत विमलकुमार पोखरेलसँग ३९ करोड ३९ लाख ६६ हजार ३३३ रुपैयाँ बिगो माग गरिएको छ।

निर्माण कम्पनी बिकोई/धुलिखेल जेभी तथा त्यसका आधिकारिक प्रतिनिधि युवराज पोखरेलसँग पनि सोही रकम बराबरको बिगो मागदाबी गरिएको छ। त्यसैगरी, मधेस प्रदेश सरकारका तत्कालीन उपसचिव उद्धवराज न्यौपानेसँग २० करोड रुपैयाँ बिगो माग गरिएको आयोगका प्रवक्ता सुरेश न्यौपानेले जानकारी दिए।

आयोगका अनुसार बागमती नगरपालिकाले आर्थिक वर्ष २०७८/७९ मा बागमती फनपार्क एण्ड रिसोर्ट आयोजनाको दोस्रो चरणका लागि नयाँ विस्तृत परियोजना प्रतिवेदन (डीपीआर) तयार गरी मूल डीपीआरमा नभएका संरचना समावेश गर्दै लागत अनुमान बढाएको थियो। साथै प्रतिस्पर्धा सीमित हुने गरी जटिल मूल्याङ्कनका आधार तय गरी सीमित निर्माण व्यवसायीलाई लाभ पुग्ने उद्देश्यले ठेक्का प्रक्रिया अघि बढाइएको आरोप लगाइएको छ।

अनुसन्धानबाट पहिलो चरणको डीपीआर पुनरावलोकन नगरी दोस्रो चरणको डीपीआर तयार गरिएको, आयोजनाको आवश्यकता, जोखिम विश्लेषण तथा आर्थिक सम्भाव्यता अध्ययन नगरी थप संरचना समावेश गरिएको र त्यसबाट राज्यलाई ठूलो आर्थिक क्षति पुगेको आयोगको निष्कर्ष छ।

आयोगले सार्वजनिक खरिद ऐनविपरीत मूल्याङ्कनका आधार स्वीकृत गरी निर्माण कम्पनीसँग मिलेमतोमा ठेक्का सम्झौता गरिएको आरोप पनि लगाएको छ। साथै, बिकोई/धुलिखेल जेभीका आधिकारिक प्रतिनिधिले मूल्याङ्कन प्रक्रियामा झुटा तथा किर्ते कागजात पेस गरी ठेक्का प्राप्त गरेको अनुसन्धानबाट खुलेको आयोगले जनाएको छ।

# सिरहामा प्रहरीको गोली लागेर दुई घाइते, २४३ ग्राम खैरो हेरोइनसहित ६ पक्राउ

• टक नेपाल

सिरहाको लहान नगरपालिका-३ स्थित हस्पिटल चोकमा लागु औषध कारोबारी पक्राउ गर्ने क्रममा प्रहरीले गोली चलाउँदा दुई जना घाइते भएका छन्। घटनामा २४३ ग्राम खैरो हेरोइनसहित ६ जनालाई पक्राउ गरिएको प्रहरीले जनाएको छ।

लागुऔषध नियन्त्रण ब्युरो, कोटेश्वरबाट खटिएको टोलीले ड्युटीमा रहेका प्रहरीमाथि आक्रमण भएपछि आत्मरक्षाका लागि गोली चलाएको ब्युरोका एसएसपी सुवास बोहराले जानकारी दिए।

प्रहरीका अनुसार टोलीले सुरुमा पाँच राउन्ड हवाई फायर गरेको थियो। त्यसपछि दुई राउन्ड गोली प्रहार गर्दा भारतको बिहारका २२ वर्षीय विद्यानन्द यादवको दाहिने खुट्टा र सप्तरीको रुपनी गाउँपालिकाका ४० वर्षीय मोहम्मद नसिरको बायाँ खुट्टामा गोली लागेको छ।

घटनामा सप्तरीको बोदेबसाइन गाउँपालिकाका २८ वर्षीय शम्भु प्रसाद यादव, डाक्नेश्वरी गाउँपालिकाका २८ वर्षीय जमाहिर आलम, बोदेबसाइनकै २४ वर्षीय बैद्यनाथ प्रसाद यादव र डाक्नेश्वरीका ३२ वर्षीय मोहम्मद इमामुद्दिनलाई पनि प्रहरीले पक्राउ गरेको छ।

पक्राउ परेकाहरूको साथबाट २४३ ग्राम खैरो हेरोइन बरामद भएको एसएसपी बोहराले बताए। गोली लागेर घाइते भएका दुवै जनाको लहानस्थित प्रादेशिक अस्पतालमा उपचार भइरहेको छ।

घटनाबारे इलाका प्रहरी कार्यालय लहानले थप अनुसन्धान गरिरहेको प्रहरीले जनाएको छ।






## जनता साहित्यिक मञ्च गौरीडाँडाको
# ३० औँ साहित्य शृङ्खला सम्पन्न




• टक नेपाल

महोत्तरीको बर्दिबासस्थित जनता साहित्यिक मञ्च गौरीडाँडाको ३० औँ नियमित साहित्य शृङ्खला बिहीबार सम्पन्न भएको छ। मञ्चकी अध्यक्ष रोजिना घिमिरेको अध्यक्षतामा सम्पन्न कार्यक्रम मञ्चको तल्लो सदनले आयोजना गरेको हो।

कार्यक्रमको सञ्चालन मञ्चकी सचिव प्रतिष्ठा पौडेलले गरेकी थिइन् भने उपाध्यक्ष समीक्षा भण्डारीले स्वागत मन्तव्य राखेकी थिइन्।

कार्यक्रममा शिक्षक सन्तोष पासमान, शिक्षक र ामचन्द्र पौडेल, सुजन कार्की, सुजन कालिकोटे, खेल प्रशिक्षक टेकबहादुर स्याङ्वा, विद्यालयमा क्रियाशील जुनियर रेडक्रस सोसाइटीका अध्यक्ष प्रमेश महतो तथा बाल क्लबका उपाध्यक्ष प्रिन्स सिंहलगायतको उपस्थिति रहेको थियो।

शृङ्खलामा कविता, मुक्तकलगायत विविध साहित्यिक सिर्जनाहरू वाचन गरिएको थियो। स्वेता पोखरेल, पेरिसा तामाङ, स्मारिका अधिकारी, समीक्षा भण्डारी, प्रतिष्ठा पौडेल, रोजिना घिमिरे र विपुल विद्रोहीलगायतले आफ्ना सिर्जना प्रस्तुत गरेका थिए।

कार्यक्रमलाई सम्बोधन गर्दै अतिथि शिक्षक रामचन्द्र पौडेलले विद्यार्थीहरूको सक्रियतामा सञ्चालन भइरहेको साहित्यिक मञ्चले साहित्य सिर्जना र प्रतिभा विकासमा महत्त्वपूर्ण योगदान पुऱ्याइरहेको बताए।

कार्यक्रमको अन्त्यमा सभाध्यक्ष रोजिना घिमिरेले ३० औँ शृङ्खला सफल बनाउन सहयोग गर्ने सम्पूर्ण साहित्यप्रेमी, अतिथि तथा सहभागीप्रति धन्यवाद ज्ञापन गर्दै कार्यक्रम समापन गरेकी थिइन्।

## पोखरभिण्डा बीओपीमाथि स्थानीयको आरोप
# 'दिनमा कडाइ, राति तस्करीलाई संरक्षण'

• टक नेपाल

महोत्तरीको नेपाल-भारत सीमा क्षेत्रमा तस्करी नियन्त्रणका लागि खटिएको पोखरभिण्डा सीमा सुरक्षा चौकी (बीओपी)माथि स्थानीयवासीले तस्करी नियन्त्रणमा प्रभावकारी भूमिका निर्वाह नगरेको आरोप लगाएका छन्।

स्थानीयका अनुसार दिनको समयमा सीमा क्षे त्रमा कडा निगरानी र चेकजाँच गरिए पनि र ातिको समयमा भने तस्करीका गतिविधि सहज हुने वातावरण बनाइने गरेको छ। उनीहरूले बीओ पीका इन्चार्जको निर्देशनमा दिनभरि कडाइ दे खाइए पनि राति तस्करीका सामान सीमापार गर ाउन मिलेमतो हुने गरेको दाबी गरेका छन्।

स्थानीयको आरोपअनुसार ड्युटीमा खटिएका केही सुरक्षाकर्मीले रकम लिएर अवैध सामान ओसारपसारमा सहयोग गर्ने गरेका छन्। सीमाबाट आउने-जाने सामानको प्रभावकारी जाँचबिन नगरी आवतजावत गर्न दिइने गरेको आरोप पनि उनीहरूको छ।

स्थानीयले तस्करी नियन्त्रणको जिम्मेवारीमा रहेका सुरक्षा निकायकै संरक्षण वा मिलेमतोमा यस्ता गतिविधि भइरहेको दाबी गर्दै घटनाको निष्पक्ष छानबिन गर्न माग गरेका छन्। साथै, र ातिको समयमा सीमा क्षेत्रको विशेष निगरानी बढाउन, बीओपीको कार्यसम्पादनको समीक्षा गर्न र आरोपबारे सत्यतथ्य सार्वजनिक गर्न सम्बन्धित निकायसँग आग्रह गरेका छन्।

यद्यपि, स्थानीयले लगाएका आरोपबारे पोखरभिण्डा बीओपी वा सम्बन्धित सुरक्षा निकायको आधिकारिक प्रतिक्रिया सार्वजनिक भएको छैन। आरोपबारे पुष्टि हुन बाँकी रहेकाले सम्बन्धित निकायबाट निष्पक्ष छानबिन आवश्यक रहेको स्थानीयको भनाइ छ।





साइव अपाधबाट जोगिआं !!!

कम्प्युट, मोवाइल इन्टनेट प्रयोग गदा यी कुाहरु ध्यान दिनुहोस् ।

- बलियो पासवड राखां पासवडलाइ नियमित रुपमा पवितन गां ।
- अपींचित व्यक्ति वा कायालयबाट आएका शंकास्पद मेल, म्यासेज, लिङ्क नखोलां ।
- अपींचित व्यक्तिले युजनेम पासवड मागे नदिआं ।
  ह्वाट्स एप, इमो, भाइब, मेसेन्जलगायतका सामाजिक सञ्जालमा आएका शंकास्पद
- भिडियो वा अडियो कल नउठाआं । त्यस्ता कल पटक पटक आए ब्लक गां ।
  आफ्ना व्यक्तिगत विवणहरु (ओटिपी, युजनेम, पासवड, बंक खाता नम्ब, पिनकोड, नागकिता नम्ब, ाहदानी नम्ब, जन्म मिति) कसलाइ शेय नगां, सुक्षित राखां ।



बर्दिबास नगरपालिका
महोत्तरी, मधेश प्रदेश



बर्दिबास मिडिया ग्रुप प्रा.लि. द्वारा प्रकाशित, प्रकाशकः तुलसामाया कार्की, अध्यक्ष निर्देशकः ललन मण्डल, सम्पादक : रंजु साह
मुद्रक : आमोश अफसेट प्रिन्टिङ्ग प्रेस, बर्दिबास-३, महोत्तरी, प्रधान कार्यालय : बर्दिबास, महोत्तरी E-mail : talknepalnationaldaily@gmail.com , Mo.9863321014